# जोरायल राजपत्र

## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ६ मितिः 2080 असार 11

### भाग- २

### जोरायल गाउँपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 102 उपदफा (3) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

### करार खेती प्रर्वद्धन कार्यविधि, २०८०

# करार खेती प्रर्वद्धन कार्यविधि, २०८०

स्विकृत मितिः-2080/03/10
प्रमाणिकरण मितिः-2080/03/11

जोरायल गाउँपालिका भित्र हाल बसोवास गरीरहेका खेती गर्न चाहने भूमिहीन, मुक्त हलिया, द्वन्द्व पिडित र विस्थापित, साना किसान, गरिब, एकल महिला, शहीद परिवार, युवा र न्यून आय भएका कृषकहरुलाई आय मूलक खेती गर्न प्रोत्साहन गरी उनीहरूको आयस्तर बढाउने तथा उपयोग नभएका खेती योग्य जमिनलाई कृषि उत्पादनमा प्रयोग गरी कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने करार खेती प्रर्वद्धन कार्यक्रम सञ्चालन गर्न वाञ्छनिय भएकोले
जोरायल गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन २०७६ को दफा ६४ र जोरायल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी करार खेती प्रर्वद्धन कार्यविधि, २०८० तयार गरीएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम "करार खेती प्रर्वद्धन कार्यविधि, २०८०" रहनेछ ।

२) यो कार्यविधि गाउँपालिकाको वैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क) "करार खेती" भन्नाले खेती योग्य निजी जग्गा, सरकारी पर्ती जग्गा, गुठी, शैक्षिक संस्था, संघ संस्थाको जग्गा र नदी वा खोलाले कटान गरेको तर कृषि कार्यमा प्रयोग नभएको उर्बर जमिनलाई नगरपालिकाले जग्गा धनी वा स्वामित्व रहेका व्यक्तिबाट भाडामा लिई खेती गर्न इच्छुक संस्था, समूह, समुहका सदस्यहरु, व्यक्ति संग सम्झौता वा कवुलियतनामा गरी उपलब्ध गराउने वा भाडामा लिई खेती गर्न इच्छुक संस्था, समूह, समुहका सदस्यहरु, व्यक्तिले जग्गा धनि संग

सम्झौता गरी नगरपालिकामा पेश गरेको कागजातका आधारमा नगरपालिकाले जग्गा भाडा र कृषि कार्यका लागि चाहिने अन्य सहयोग उपलब्ध गराउने गरी कृषिबालीहरूको उत्पादनमा प्रयोग गर्ने भन्ने सम्झनुपर्दछ ।

ख) “सरकारी पर्ती जग्गा” भन्नाले सरकारको स्वामित्वमा रहेको जङ्गल, बाटो, कुलो र अन्य सार्वजनिक र प्रयोगमा नआएका वा नल्याइएका जग्गालाई सम्झनुपर्दछ ।

ग) “खेती योग्य जमिन” भन्नाले खेती गर्न सकिने र कृषि उत्पादन दिन सक्ने व्यक्तिगत, संस्थागत वा सरकारी पर्ती जग्गा र प्रचलित कानुन बमोजिम कृषि कार्यको लागि निर्धारण गरिएको भुमिलाई सम्झनु पर्दछ ।

घ) “बगर” भन्नाले नदी वा खोला किनाराको विगतमा बाढी र डुवान भएको वा हुन सक्ने सरकारको स्वामित्वमा रहेको जमिनलाई जनाउँदछ ।

ङ) “खेती” भन्नाले तरकारी, अन्नबाली, नगदेबाली, फलफूल, जडीबुट्टी खेतीलाई जनाउँदछ ।

च) “अनुदान” भन्नाले यस कार्यविधि अनुरूप करार खेती गर्न नगरपालिकाले प्रदान गर्ने जग्गाको भाडा रकम र विउविजन, सिचाई, कृषिऔजार, प्रविधि, टनेल, तालिम वा सो कोलागि आवश्यक रकम सम्झनुपर्दछ ।

छ) “आवेदक” भन्नाले करार खेतीका लागि अनुदान प्राप्त गर्न नगरपालीका समक्ष आवेदन दिएका संस्था, व्यक्ति, समूह र समुहहरुका सदस्यहरुलाई जनाउँदछ ।

ज) “कृषक” भन्नाले करार खेती गर्न छनौट भएका आवेदकलाई जनाउँदछ ।

झ) “समूह” भन्नाले स्थानीय स्तरमा गठन भएर गाउँपालिकामा दर्ता भएका कृषक समूहलाई सम्झनुपर्दछ ।

ञ) “ गाउँपालिका ” भन्नाले जोरायल गाउँपालिका सम्झनु पर्दछ ।

ट) "ऐन" भन्नाले जोरायल गाउपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७६ सम्झनु पर्दछ ।

ठ) "भाडा" भन्नाले जग्गाको प्रकार र कृषि जमिनमा भएको सुविधाका आधारमा करार खेतीकालागि सम्झौता बमोजिको जग्गा धनीले प्राप्त गर्ने रकम सम्झनु पर्दछ ।

ड) "समिति" भन्नाले यस कार्यविधिको दफा ८(१) बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

**३. कार्यक्रम सञ्चालनका उद्देश्यहरू:** कार्यक्रम देहायको उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिनेछ ।

क) भूमिहीन, मुक्त हलिया, द्वन्द्व पिडित र विस्थापित, शहिद परिवार, गरिब, युवा, एकल महिला र न्यून आय भएका ========== बिघा/रोपनी भन्दा कम जग्गा भएका कृषकहरुलाई कृषि उत्पादनमा संलग्न गराइ खाद्य सुरक्षा प्रर्वद्धन, आय आर्जनमा वृद्धि गर्ने, रोजगारीको सिर्जना गर्ने र कृषि उत्पादनमा वृद्धि गर्ने ।

ख) खेती गर्ने सोच भएका तर खेती गर्ने जग्गा जमिन नभएका व्यक्ति र समूहहरुलाई बाझो रहेको जग्गा वा सरकारी पर्ती, नदी, खोला किनाराको जग्गा वा व्यक्तीगत तर प्रयोगमा नआएको जग्गा भाडामा दिन चाहाने खेती योग्य जमिनलाई कृषिकार्यमा उपयोग गर्न भाडामा लिई जमिनको करारनामा गराइ कृषिलाई प्रोत्साहन गर्ने / कृषि बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

**४. कार्यक्रम सञ्चालन तथा सहकार्य:** १) यो करार खेती प्रर्वद्धन कार्यक्रम गाउँपालिकाबाट विनियोजित बजेटको परिधिमा रही गाउँपालिका भरी सञ्चालन गरीनेछ तर

पहिलो वर्ष कुनै निश्चित वडा वा कुनै एक टोलमा लक्षित गरि यो कार्यक्रम परिक्षणका रुपमा संचालन गरिनेछ र सो सञ्चालित परिक्षण कार्यक्रमको प्रभावकारिता अध्ययन गरि बजेटको सुनिस्चितताका साथ विस्तार गर्न सकिनेछ ।

३) करार खेती प्रर्वद्धन कार्यक्रमको योजना निर्माण र कार्यान्वयनमा गैर सरकारी संस्था, समुह तथा सरोकार निकायसंग सहकार्य गर्न सकिने छ ।

४) यो करार खेती प्रर्वद्धन कार्यक्रम संचालन गर्दा गाउँपालिकाले गाउँपालिकामा कार्यरत गैर सरकारी संस्थामार्फत पनि संचालन गर्न सकिनेछ ।

**५. जमिनको छनोटः १)** गाउँपालिका भित्र रहेका जग्गा धनीहरुलाई आफ्नो जग्गा भाडामा दिन चाहाने जग्गा धनिलाई भाडा अवधि, भाडा दर, प्रति रोपनी/बिगाहा जग्गाको किसिम खुलाई निवेदन पेश गर्न सार्वजनिक सुचना प्रकासन गर्ने वा कुनै जग्गा धनिले जग्गा भाडामा दिनकालागि प्रकासित सूचनाबाट पनि जग्गा भाडामा प्राप्त गर्न सकिने छ । समुहले सम्झौता गरी ल्याएमा कार्यपालिकाको वैठकबाट पारित गरी सोहि जग्गा करार खेतीका लागि छनोट गर्न सकिने छ ।

२) प्रकासित सूचनाबाट प्राप्त निवेदनलाई समितिले अध्यन्न गरि सो वर्षका लागि उपयुक्त जग्गाको सिफारिस गर्ने।

३) उपदफा २ बमोजिम सिफारिस भएको जग्गा भाडामा लिने र बाकी निवेदकको विवरण गाउँपालिकाको भुमि बैक लगतका रुपमा सुरक्षी राखिनेछ र अन्य सरोकार निकायलाई प्राथमिक्ताका आधारमा सिफारिस गर्न सकिनेछ ।

४) जग्गा भाडामा लिदा कम्तिमा १ विगाहा वा ......... रोपनिं क्षेत्रफल हुने गरि एक वा सो भन्दा बढी जग्गा धनिहरुको साध सिमाना मिलेको र कम्तीमा ५ बर्षका लागि करार सम्झौता गर्न सकिने ।

५) उपदफा ४ बमोजिम करार सम्झौता गर्दा प्रति विगाहा/ प्रति रोपनिं १ वर्षका लागि रु ......... हजार भन्दा बढी भाडादर कायम गर्न पाईने छैन । सम्झौता भएको जमिनको प्रत्येक दुई वर्षमा अधिकतम १० प्रतिसतका दरले भाडा बढाउन सकिने छ ।

६) समितिले भाडा दर निर्धारण गर्दा जग्गाको उर्बरता, सिचाईको सुविधा, यातायात आदिको सुविधालाई आधार मान्नु पर्नेछ ।

६. **कृषकको छनोटः** १) करार खेती गर्नकालागि कृषक छनोट गर्दा गाउँपालिकाले विनियोजित बजेटका आधारमा कुन क्षेत्रमा कति विगाहा/ रोपनी जमिन भाडामा लिई कार्यक्रम संचालन गर्ने भन्ने विषयमा कार्यापालिकाले निर्णय गर्नु पर्नेछ ।

२) कार्यपालिको निर्णय बमोजिम ईच्छुक ब्यक्ति समुह संस्था लाई कार्य योजना सहित प्रस्ताव पेश गर्न १५ दिने सुचना प्रकाशन गरिनेछ वा ईच्छुक ब्यक्ति समुह संस्थाले पालिकामा पेश गरेका निवेदनहरुको मुल्यांकनबाट गरीनेछ ।

३) उपदफा २ बमोजिम प्रकाशित सूचनाका आधारमा प्राप्त निवेदन वा ईच्छुक ब्यक्ति समुह संस्थाले पालिकामा पेश गरेका निवेदनलाई मुल्यांकन गरी भूमिहीन, मुक्त हलिया, द्वन्द्व पिडित, विस्थापित, शहिद परिवार, गरिब, युवा, एकल महिला र न्यून आय भएका ..... कट्ठा/रोपनी भन्दा कम जग्गा भएका कृषकलाई प्राथमिकताका आधारमा समितिले कार्यपालिकाले तोकेको मापदण्ड र सिमाका आधारमा ब्यक्ति, संस्था, समुहलाई चयन गरि सिफारिस गर्नु पर्नेछ ।

४) जग्गा घाडा सम्बन्धमा किसान, नगरपालिका र जग्गा धनी विचको त्रिपक्षीय सम्झौता गरिनेछ ।

७. **कृषकलाई प्राप्त हुने अनुदानः** १) दफा ६ बमोजिम छनोट भएका कृषकले कार्यपालिकाले तोके बमोजिमको जग्गामा तरकारी नगदेवाली मौसमे बाली लगाउन पाउने छ र सो प्रयोग गरिरहेको जमिनको भाडा रकम तपसिल बमोजिम नगरपालिकाले अनुदान प्रदान गर्नेछ।

| क्र. स. | नगरपालिकाले तिर्ने भाडा प्रतिशत | किसानले तिर्ने भाडा प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|
| पहिलो वर्ष | १०० | ० | १०० |
| दोस्रो वर्ष | ९० | १० | १०० |
| तेस्रो वर्ष | ८० | २० | १०० |
| चौथो वर्ष | ६५ | ३५ | १०० |
| पाँचौं वर्ष | ५० | ५० | १०० |

२) गाउँपालिकाले विशेष अनुदान वा लागत साझेदारीमा किसानलाई आवश्यक मेसिनरी औजार, प्रविधि सहयोग, विउँ, सिचाई लगायतका सेवा सुविधा प्रदान गर्नेछ ।

३) गाउँपालिकाले कृषि क्षेत्रमा सहकार्य गर्न चाहाने संघ संस्था प्रदेश सरकार संघीय सरकाको कार्यक्रम दोहोरो नपर्ने गरि करार खेती कार्यक्रमा समाहित गरि विशेष प्राथमिकता प्रदान गरिनेछ ।

४) करार खेती गर्नकालागि चयन भएका किसानहरुले अनुसूची १ बमोजिमको प्रतिवद्धता गरि गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

**८. करार खेती प्रबर्धन समितिः** १) ऐनको दफा १३ बमोजिम गठित तपसिल बमोजिमको कृषि भुमि व्यवस्थापन समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष — अध्यक्ष

ख) आर्थिक विकास समिति संयोजक — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) गाउँपालिकास्तरीय कृषक समुह महासंघका अध्यक्ष वा प्रतिनिधि एकजना — सदस्य

ङ) गाउँपालिकास्तरीय भुमि अधिकार मञ्चका अध्यक्ष वा प्रतिनिधि एकजना — सदस्य

च) कृषि सम्वन्धी स्थानिय विज्ञहरुबाट समितिले मनोनित गरेका दुई जना — सदस्य

छ) कृषि सहकारी संस्थाहरुले छनौट गरेको प्रतिनिधि एक जना सदस्य

ज) यस समितिले मनोनयन गरेका महिला कृषि उद्यमीहरुबाट एक जना,

e||_ व्यवसायिक किसान मध्ये एकजना, आदिवासी जनजाती किसान मध्ये एक जना

र दलित किसान मध्ये एक जना गरी जम्मा चार जना सदस्य

झ) कृषि तथा पशुपन्छी सेवा सम्बन्धी शाखा हेर्ने शाखा प्रमुख
सदस्य सचिव

२) समितिले आवश्यकता अनुसार कृषि सम्बन्धि विज्ञ तथा सम्बन्धित निकाय, संघ संस्थाका प्रतिनिहरुलाई अन्य सरोकार व्यक्तिलाई समितिको वैठकमा आमन्त्रण समेत गर्न सक्नेछ ।

३) समितिले यस कार्यविधि बमोजिमको भाडामा लिने जग्गाको तथा कृषकको चयन गरि ।सिफारिस गर्नेछ.

४) समितिले करार खेतिको अनुगमन मुल्याङ्कन तथा बार्षक प्रतिवेदन तयार गरि कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

५) समितिको सेवा सुविधा कार्यपालिकाको बैठक संञ्चालन कार्यविधि बमोजिम हुनेछ ।

९. **जमिनको उपयोग तथा हस्तान्त्रण** १) चयन भएका कृषकले कम्तिमा ५ वर्ष सम्म सो जग्गामा कृषि उत्पादन गरि आत्म निर्भर बन्नु पर्नेछ ।

२) कुनै कारणबस कृषकले सो भाडामा लिएको जग्गामा खेती गर्न नसक्ने भएमा सो को कारण सहित गाउँपालिकामा लिखित रुपमा ३ महिना अगाडी जानकारी गराउनु पर्नेछ सो नगराई छोडेमा भाडामा प्राप्त गरेको छूट र अन्य अनुदान असुल उपर गरिनेछ ।

३) गाउँपालिकालाई लिखित रुपमा जानकारी गराई समितिले अध्ययन गर्दा उपयुक्त लागेमा भाडामा दिएको अनुदान मिनाहा गर्ने र गाउँपालिकाबाट प्राप्त गरेका मेसिनरी सामान बुझी सम्झौता रद्द गर्न सकिनेछ ।

४) भाडामा लिएको जग्गामा सम्झौतामा उल्लेखित प्रयोजन बाहेक अन्य कार्य प्रयोजनमा प्रयोग गर्न पाईने छैन सो कार्य गरेमा वा जग्गाको आकार परिवर्तन गरि उर्वराशक्ति ह्रास लगाएतका कार्य गरेमा जग्गालाई पुर्व अवस्थामा ल्याउनु पर्नेछ सो हुन वा गर्न नसकेमा सोको मुल्याङ्कन गरि जग्गा धनीलाई किसानले क्षतीपूर्ति प्रदान गर्नु पर्नेछ ।

५) किसानले अनिवार्यरुपमा बाली विमा गराउनु पर्नेछ ।

१०. **अनुगमन तथा मुल्याकन** १) करार खेतीको अनुगमन आवश्यकता अनुसार समिति र कार्यपालिकाले जुनसुकै वेलापनि गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम भएको अनुगमन टोलिले कृषकलाई आवश्यक निर्देशन दिन सक्ने छ र सो निर्देशन पालना गर्नु सम्बन्धित कृषकको कर्तव्य हुनेछ ।

११. **प्रोत्साहन तथा सम्मानः** १) गाउँपालिका संग भएको पाँच वर्षे सम्झौता अवधि पुरा गरि आफ्नो आर्थिक विकास गरि आत्मनिरभर भएका किसानलाई सम्मान तथा पुरस्कृत गर्न सकिनेछ ।

२) प्रोत्साहन तथा सम्मानको लागि समितिले आधार निर्माण गरी सो निर्माण गरिएका आधारमा सम्मानका लागि सिफारिस गर्न सक्नेछ ।

१२. **कानूनी सहायताः** गाउँपालिका कृषक र जग्गा धनीका विच भएको भाडा सम्झौता विपरीत कार्य कुनै पक्षले गरेमा मर्का पर्ने पक्ष कानून बमोजिम सम्बन्धित निकायमा गई कानूनी सहायता लिन सक्नेछ।

१३. **कारवाहीको व्यवस्थाः** गाउँपालिकाले करार खेती कार्यक्रम संचालनमा लिएको उदेश्य विपरित कार्य गरेमा वा कृषकले गरेको प्रतिवद्धता विपरीत कार्य गरेमा वा गाउँपालिका बाट प्राप्त अनुदानको गतल प्रयोग गरेमा गाउँपालिकाले उचित सफाईको मैका दिई असुल उपर गर्न सक्नेछ ।

१४. **बाधा अड्चन र निरूपणः** १) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरूपण नगर कार्यपालिकाले गर्नेछ ।

२) यो कार्यविधि गाउँपालिकाले आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

३) यस कार्यविधिमा समावेश भएका कुराहरू यसै बमोजिम र समावेश नभएका अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची – १

प्रतिवद्धता पत्र

जोरायल गाउपालिका  वडा नं. .......... टोल ..........................मा ............... विगाह/रोपनीमा करार खेती गर्नका लागि  मिति ..........................मा करार खेती गर्ने सम्बन्धमा भएको सम्झौता बमोजिम काम गर्ने छौ र यस कार्यक्रमका लागि गरिएको सम्झौता तथा कार्यविधि अनुसारको कार्य  नगरेमा पालिकाबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं अन्यथा विद्यमान ऐन कानुन बमोजिम कार्वाहीको भागेदार हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु । इतिसंवत् ................................गते रोज ...... शुभम् ।

कृषकको तर्फबाट

नामः

पदः

ठेगानाः

सम्पर्क नं.

मितिः

दस्तखतः

कृषकको छाप

| दाँया | वाँया |
|---|---|
| | |